“लिम्बुवान जातीय स्वायत्तता, हाम्रो प्रतिवद्धता”

# किरात याक्थुङ चुम्लुङद्धारा संविधान सभा संवैधानिक समितिमा प्रस्तुत राय सुझावहरु

**१. संविधानको नामः**
नयां संविधानको नाम “सङ्घीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान २०६७” हुनुपर्दछ ।

**२. प्रस्तावनाः**
संविधानको प्रस्तावनाले निम्न मर्महरु/विषयहरु आत्मसात गर्नु पर्दछ ।

(१) नेपालको जातीय, भाषिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय/पर्यावरणीय विविधतालाई मान्यता दिदैं राष्ट्रिय एकताको प्रवर्द्धन गर्न,

(२) सामन्ती, राजतन्त्रात्मक, एकात्मक, जातीय विशिष्टतावादी, विभेदकारी राज्यसत्ताको दमन, उत्पीडन, शोषण र वहिष्करणमा परेका महिला, आदिवासी जनजाति, दलित, विभिन्न जात-जाति तथा सामाजिक समूह लगायतका सार्वभौमसत्ता सम्पन्न जनसमुदायको मुक्तिको आकांक्षा पूरा गर्न र समतामूलक, समन्यायिक समाज निर्माण गर्ने दृढता ।

(३) राज्य सत्ताको परिवर्तनका लागि आदिवासी जनजातिहरुले पुराएको योगदानको उच्च कदर । आदिवासी जनजातिहरुको आत्म-निर्णय र जातीय स्वशासनको अधिकारको प्रत्याभूति ।

(४) सामुदायिक, पूर्णसमानुपातिक प्रतिनिधित्व र अल्पसंख्यक तथा सीमान्तीकृत समुदायको विशेष प्रतिनिधित्वको प्रत्याभूति ।

(५) लोकतान्त्रिक मूल्य, राजनैतिक तथा सांस्कृतिक वहुलवाद, सङ्घीय प्रणाली, मौलिक स्वतन्त्रता, मानव अधिकार, सामाजिक न्याय, स्वतन्त्र प्रेस, आवधिक निर्वाचन, वहुदलिय प्रतिस्पर्धा, शक्तिको न्यायसंगत वितरण, र कानुनी राज्य, अन्तर्राष्ट्रिय महासन्धि, अभिसन्धि र घोषणाहरुका प्रावधानहरु प्रति पूर्ण प्रतिबद्धता ।

**३. सार्वभौमसत्ता र राजकीय शक्ति**

(क) नेपालको सार्वभौमसत्ता र राजकीय शक्ति नेपाली जनतामा निहित हुनुपर्दछ ।

(ख) सार्वभौमसत्ता र राजकीय शक्ति नेपाली जनताले स्वतन्त्र र निष्पक्ष रुपमा आफ्नो वालिगमताधिकार प्रयोग गरी निर्वाचित प्रतिनिधिहरु मार्फत प्रयोग गर्ने व्यवस्था हुनुपर्दछ ।

**४. राष्ट्रको परिभाषाः**
बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधताबीच स्वायत्तता र स्वशासन उपभोग गरी परस्पर सम्मान, सद्भाव र सहयोगको भावना राख्दै समान आकाङक्षा तथा ध्येय र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध नेपाली जनता समष्टि रुपमा राष्ट्र हो भन्ने हुनुपर्दछ ।

**५. नेपाल राज्यको विशेषताः**

(क) नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष र सामाजिक छुवाछुतमूक्त सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक राज्य हो ।

(ख) संविधान प्रारम्भ हुँदाको क्षेत्र र भएपछि प्राप्त हुने क्षेत्र ।

**६. राष्ट्रिय प्रतीकहरु :**

(१) बिद्यमान रहेको राष्ट्रिय प्रतीकहरु परिवर्तन गरीनु पर्दछ । नेपालको राष्ट्रिय झण्डा लगायतका प्रतिकहरु नेपालको सांस्कृतिक र भौगोलिक विविधता झल्किने गरी निर्माण गरीनु पर्दछ ।

(२) राज्यहरुको झण्डा राज्य सरकारहरुले निर्धारण र राज्य व्यवस्थापिकाले अनुमोदन गरे बमोजिम हुनु पर्दछ ।

(३) नेपालका सबै जात-जाति तथा आदिवासी जनजातिहरुले परम्परागत रुपमा लगाइ आएको पोशाक राष्ट्रिय पोशाक हुनुपर्दछ ।

**७. संविधान संशोधनः**

(क) संविधानको संशोधनको विधेयक सङ्घीय व्यवस्थापिकाको कुनै पनि सदनमा प्रस्तुत गर्नु पर्दछ ।

(ख) संविधान संशोधन सङ्घीय व्यवस्थापिकाको दुइ तिहाइ सदस्य संख्याले गर्ने ।

(ख) तर बहुमत राज्य व्यवस्थापिकाले अनुमोदन नगरेमा संशोधन नहुने व्यवस्था गर्नुपर्दछ ।

**८. राजनैतिक दलः**

(क) बहुदलिय प्रतिस्पर्धा र शान्तीपूर्ण आन्दोलनमा केन्द्रीत भइ गतिविधि गर्ने कुनै पनि राजनैतिक दल खोल्नका लागि बन्देज लगाइनु हुन्न ।

(ख) राजनीतिक दलहरु जनता र राष्ट्रप्रति जिम्मेदार हुने, आर्थिक रुपले पारदर्शी हुने र आन्तरिक लोकतन्त्रको अभ्यासलाई सुनिश्चित गर्ने बनाउनका लागि संवैधानिक व्यवस्था गर्नु जरुरी हुन्छ ।

**९. संकटकालिन अवस्थाको घोषणाः**

(क) नेपाल राज्यको स्वतन्त्रता, सार्वभौमिकता वा अखण्डतामा वा वाह्य आक्रमण, आन्तरिक सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारणले गम्भिर संकट उत्पन्न भएमा सङ्घीय मन्त्रीपरिषदको सिफारिसमा राष्ट्र प्रमुखले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालिन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ ।

(ख) सङ्घीय मन्त्रीपरिषदले संकटकाल घोषणा भएको मितिले एक महिनाभित्र अनुमोदनका लागि सङ्घीय व्यवस्थापिकाको बैठकमा राख्नु पर्दछ ।

(ग) सङ्घीय व्यवस्थापिकाको दुइ तिहाई बहुमतले अनुमोदन गरेमा संकटकाल तीन महिनासम्म लागू रहनुपर्नेछ ।

(घ) संकटकाल घोषणाको अवस्था विद्यमान रहेको सङ्घीय व्यवस्थापिकाका सदस्यहरुको दुइ तिहाइ बहुमतले पुन तीन महिनामा नबढाइ संकटकालिन अवस्थाको म्याद बढाउन सक्नेछ ।

**१०. संकटकालिन अवस्थामा बन्देज लगाउन नसकिने मौलिक हकहरुः**

संकटकालिन अवस्थामा निम्न मौलिक हकहरुमाथि बन्देज लगाउन नसकिने व्यवस्था गर्नु पर्दछ :

(क) समानताको हक
(ख) छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक
(ग) वातावरण तथा स्वास्थ्य सम्वन्धी हक
(ङ) शिक्षा तथा संस्कृति सम्वन्धी हक
(च) रोजगारी तथा सामाजिक सुरक्षा सम्वन्धी हक
(छ) महिला तथा यौनिक र लैगिक अल्पसंख्यकको हक
(ज) सामाजिक न्यायको हक
(झ) आदिवासी जनजातिको हक
(ञ) बालबालिकाको हक
(ट) शोषण विरुद्धको हक
(ठ) देश निकाला विरुद्धको हक

(ङ) संबैधानिक उपचारको हकमा बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्वन नगरिने व्यवस्था हुनुपर्दछ ।

**११. बाधा अड्काउ फुकाउको व्यवस्था**

सङ्घीय मन्त्रिपरिषदले संविधानको कार्यान्वयन गर्न बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ । र यस्तो आदेश सङ्घीय व्यवस्थापिकाको दुवै सदनबाट एक महिनाभित्र अनुमोदन गराउनु पर्नेछ ।

**१२. नयाँ संविधानमा संक्रमणकालिन व्यवस्था**

(क) नयाँ संविधान अनुरुप मन्त्रिपरिषद गठन नभएसम्म पुरानै मन्त्रिपरिषद कायम रहनु पर्दछ ।
(ख) सङ्घीय व्यवस्थापिका गठन नभएसम्म संविधानसभाले नै सङ्घीय व्यवस्थापिकाको काम गर्नुपर्नेछ ।
(ग) नयाँ संविधानमा व्यवस्था नभएका संवैधानिक निकाय र पदाधिकारीहरु कायम नरहने हुनुपर्दछ ।
(घ) नयाँ संविधानसंग बाझिएका कानुन बाँझिएको हदसम्म स्वतः अमान्य हुनुपर्नेछ ।

<u>राय सुझाव पेश गर्ने :</u>

किरात याक्थुङ चुम्लुङ
केन्द्रिय कार्यालय
ललितपुर
फोन/फ्याक्स : ०१-५५२०३४९
इमेल : chumlung@wlink.com.np

“लिम्बुवान जातीय स्वायत्तता, हाम्रो प्रतिवद्धता”

[illegible]

## किरात याक्थुङ चुम्लुङद्धारा संविधान सभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिमा प्रस्तुत राय सुझाव

**१. नागरिकता प्राप्ति**

नागरिकता प्राप्तिका निमित्त निम्न व्यवस्था हुनु पर्दछ ।

(१) आमाबुबा दुवैको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुनुपर्दछ ।

(२) नेपाली नागरिकसंग वैवाहिक सम्वन्ध कायम गरेकी विदेशी महिला/पुरुषले चाहेमा अङ्गीकृत नेपाली नागरिकता लिन सकिने व्यवस्था हुनुपर्दछ ।

(३) आदिवासी जनजातिका हकमा सम्बन्धित जातीय समुदायको प्रतिनिधिमुलक संस्थाले सिफारिस गरेको व्यक्ति पनि नागरीकता प्राप्तिको लागि योग्य हुनुपर्नेछ ।

**२. मौलिक हकका विषयहरु:**

(१) स्वतन्त्रताको हक
(२) समानताको हक
(३) छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक
(४) प्रकाशन, प्रसारण तथा छापाखाना सम्वन्धी हक
(५) वातावरण तथा स्वास्थ्य सम्वन्धी हक
(६) रोजगारी तथा सामाजिक सुरक्षा सम्वन्धी हक
(७) सम्पत्तिको हक
(८) महिला तथा यौनिक र लैंगिक अल्पसंख्यको हक
(९) सामाजिक न्यायको हक
(१०) बालबालिकाको हक
(११) धर्म तथा संस्कृति सम्वन्धी हक
(१२) न्याय सम्बन्धी हक
(१३) निवारक नजरबन्द विरुद्धको हक
(१४) यातना विरुद्धको हक
(१५) सूचनाको हक
(१६) गोपनीयताको हक
(१७) शोषण विरुद्धको हक
(१८) श्रम सम्बन्धी हक
(१९) देश निकाला विरुद्धको हक
(२०) संवैधानिक उपचारको हक
(२१) आदिवासी जनजातिको हक:

आदिवासी जनजातिहरुलाई देहाय बमोजिमको हक हुनुपर्नेछ :

**(क) आत्मनिर्णयको हक:** आदिवासीहरुको आत्मनिर्णयको हक हुनेछ । यसका आधारमा उनीहरुलाई स्वतन्त्ररुपमा आफ्नो राजनैतिक हैसियत निर्धारण गर्ने तथा आफनो आर्थिक,सामाजिक, सांस्कृतिक र आध्यात्मिक विकास गर्ने हक हुनुपर्नेछ ।

**(ख) भूमि तथा प्राकृतिक स्रोतसाधन माथिको हकः**

(१) आदिवासीहरुले परम्परागत रुपमा भोगी, चर्ची, ओगटी आएको भूमी, भू-क्षेत्र, प्राकृतिक स्रोतसाधनमाथि सार्वभौम हक हुनुपर्नेछ ।

(२) परम्परागत भूमि, प्रकृतिक श्रोत तथा जैविक विविधतमा पहुँच, नियन्त्रण, व्यवस्थापन, संरक्षण, विकास तथा लाभ प्राप्त गर्ने अधिकार हुनुपर्नेछ ।

(३) सहमती विना लिइएका भूमि तथा प्राकृतिक स्रोत साधनउपर आदिवासीहरुको पुनःप्राप्तीको हक हुनेछ । पुनः प्राप्ती गर्न नसकिने तथ्यपरक कारण विधमान भएमा आदिवासीहरुलाई यथाशिघ्र न्यायपूर्ण, निश्पक्ष क्षतिपुर्ती प्राप्त गर्ने हक हुनुपर्नेछ ।

**(ग) संस्कृति, परम्परागत ज्ञान तथा सम्पदा आदि सम्बन्धी हक :**

(१) आदिवासीहरुको आफ्नो सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान, आविष्कार, कला, साहित्य र सो संग जोडिएर आउने भौतिक तथा अभौतिक विषयहरु कायम राख्ने, नियन्त्रण गर्ने, संरक्षण गर्ने र विकास गर्ने हक हुनुपर्नेछ ।

(२) उपधारा १ अर्न्तगतका विषयवस्तुहरु अनतिक्रम्य हुनुपर्नेछ ।

**(घ) भाषा, धर्म, लिपि आदि सम्बन्धी हकः** प्रत्येक व्यक्ति तथा समुदायलाई समान एवम् स्वायत्तरुपमा परापूर्वदेखि अवलंम्वन, अभ्यास र प्रयोग गरिआएको आ-आफ्नो भाषा, धर्म, लिपि, संस्कृति, आध्यात्मिक विश्वासलाई निरन्तरताको सुनिशचितता, परिपालन, संरक्षण र सम्वर्द्धन प्राप्त गर्ने हक हुनुपर्नेछ ।

**(ङ) निर्णय प्रक्रियामा प्रतिनिधित्व तथा सहभागिताको हकः** आदिवासीहरुलाई सरोकार रहने तथा प्रभावित पार्ने कानूनी, नीतिगत, प्रशासनिक वा अन्य कुनै उपायहरु तर्जुमा, अवलम्वन एवं कार्यान्वयन गरिँदा वा राज्यका सवै तहका अंग र निकायहरुका निर्णय प्रक्रियाहरुमा आदिवासीहरुलाई आफ्नो परम्परागत तथा प्रतिनिधिमूलक संस्था अर्न्तगत मौलिक प्रक्रिया अनुरुप स्वतन्त्ररुपमा छानेका प्रतिनिधि मार्फत सहभागिता तथा प्रतिनिधित्वको हक हुनुपर्नेछ ।

**(च) अग्रिम सुसूचित सहमतिको हकः** आदिवासीलाई प्रभावित बनाउने वा उनीहरुसंग सरोकार रहने संविधान, ऐन, कानून, नियम तथा नीति तर्जुमा, संसोधन, परिमार्जन, खारेजी, कार्यान्वयनका साथै विकास निर्माणको कार्य गरिदा आदिवासीहरुलाई सहभागिता तथा अग्रिम, सुसूचित स्वतन्त्र सहमतीको हक हुनुपर्नेछ ।

**(छ) स्वतन्त्रता तथा समानताको हक :**

(१) आदिवासीहरु अन्य व्यक्ति तथा समूदायहरु जत्तिकै स्वतन्त्र र समान हुनुपर्नेछ ।

(२) आदिवासीहरुलाई वैयक्तिक तथा समूहगत विशेष अधिकार निर्वाधरुपमा उपभोग गर्ने हक हुनेछ । उत्पत्ति तथा पहिचानमा आधारित अधिकारहरुको उपभोग गर्ने क्रममा आदिवासीहरुलाई कुनै प्रकारको भेदभाव गरिने छैन ।

(३) आदिवासीहरुको विशेष अधिकारको संरक्षण, सर्म्बद्धन तथा सुनिश्चितताको लागि राज्यले विशेष उपायहरु अवलम्वन गर्नुपर्नेछ ।

**(ज) विशेष अधिकारसम्बन्धी हकः**

(१) आदिवासीहरुको विशेष अधिकारको संरक्षण गर्न र उनीहरुको राजनीतिक, सामाजिक, परम्परागत तथा प्रतिनिधिमूलक संस्थालाई मान्यता दिन र तिनीहरुको विकास तथा उत्थानका लागि राज्यले प्रभावकारी रुपमा कानूनी तथा नीतिगत कार्यक्रमहरु लागू गर्नुपर्नेछ ।

(२) आदिवासीहरुको आर्थिक, सामाजिक, भाषिक, सांस्कृतिक, आध्यात्मिक, धार्मिक, शैक्षिक क्षेत्र आदिको विकासकालागि राज्यले कानूनी तथा नीतिगत व्यवस्था तथा पर्याप्त श्रोत साधनको व्यवस्था गर्नुपर्नेछ ।

**(झ) रोजगारी , सामाजिक सुरक्षा तथा स्वास्थ्यसम्बन्धी हक :** आदिवासीहरुलाई आफ्नो आर्थिक तथा सामाजिक अवस्थामा नकारात्मक असर नपर्ने गरी, विनाभेदभाव र विशेष संरक्षणसहित रोजगारी, व्यवसायिक प्रशिक्षण, पुनः प्रशिक्षण, आवास, स्वास्थ्य तथा सामाजिक सुरक्षाका सेवाहरु प्राप्त गर्ने हक हुनुपर्नेछ ।

(ञ) **शिक्षा सम्बन्धी हक:**

(१) प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा सबै तहको शिक्षा पाउने हक हुनुपर्नेछ ।

(२) मातृभाषामा विधालय संचालन गर्न आदिवासी समूदायलाई राज्यले पर्याप्त साधन स्रोत उपलब्ध गराउनुपर्दछ ।

(ट) **सामुहिक तथा व्यक्तिगत हक:** आदिवासीहरुको पृथक पहिचान सहित स्वतन्त्र, शान्ति तथा सुरक्षित रुपमा बाँच्न पाउने सामूहिक र व्यक्तिगत हक संरक्षित हुनेछ । उनीहरुलाई अन्तर्राष्ट्रिय कानूनहरुद्धारा प्रत्याभूत गरिएका सम्पूर्ण मानवअधिकार तथा मौलिक स्वतनत्रताको पूर्ण उपभोग गर्ने हक रहनुपर्नेछ ।

(ठ) **विलयन विरुद्धको हक:** आदिवासीहरु र व्यक्तिहरुलाई आदिवासी समुदाय वा राष्ट्रको रुपमा मौलिक परम्परा, प्रचलन, रीतिरिवाज,प्रथा तथा प्रथाजनित कानून अनुरुप विशिष्ट पहिचान सहित भिन्न समुदाय तथा राष्ट्रका रुपमा रहन पाउने हक हुनेछ । उनीहरुलाई बलपुर्वक गरिने कुनै पनि प्रकारको विलयन बिरुद्धको हक हुनुपर्नेछ ।

(ढ) **सामाजिक न्यायको हक:** राजनैतिक,आर्थिक, सामाजिक, सांस्कृतिक,भाषिक, धार्मिक, शैक्षिक आदिका दृष्टिले पछाडी पारिएका आदिवासी महिला, आदिवासी समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको सवै तहको संरचनामा आफ्नै प्रकिया मार्फत स्वतन्त्ररुपले सहभागिता तथा प्रतिनिधित्वको हक हुनुपर्दछ ।

(ण) **सन्धि सम्झौता कार्यान्वयनको हक:** राज्य र आदिवासी वीच भएका सन्धि सम्झौता, र राज्यले आदिवासीहरुसंग गरेका अन्य प्रकारको रचनात्मक व्यवस्थाद्वारा प्रदत्त अधिकार उपभोग गर्ने, लागु गराउने, संरक्षित रहने हक हुनुपर्नेछ ।

(त) **न्याय , प्रथा तथा प्रथाजनित कानून सम्बन्धी हक :**

(१) अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी कानूनहरुको मुल्य मान्यता अनुरुप आदिवासीहरु संस्थागत संरचना, पृथक प्रचलनहरु, आध्यात्मिकता, कानून, प्रथा, परम्परा, प्रक्रिया, प्रचलन, न्यायिक प्रणाली र न्यायिक संस्थाहरु कायम राख्ने तथा अभ्यास गर्ने हक हुनुपर्दछ ।

(२) आदिवासीहरुको न्याय प्रशासन र न्यायिक संस्थाहरुको विकास तथा क्षमता अभिवृद्धिको लागि राज्यले साधन स्रोत उपलब्ध गराउनुपर्दछ ।

(थ) **सूचना तथा सञ्चारको हक :**

(१) प्रत्येक नागरिक तथा समुदायलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना आ-आफ्नो मातृभाषामा माग्ने वा प्राप्त गर्ने हक हुनुपर्दछ ।

(२) आदिवासीहरुलाई राज्यद्वारा सञ्चालित तथा सबै किसिमका गैरजनजाति सञ्चार माध्यमहरु मा विना भेदभाव पहुँच हक साथै आफ्नै मातृ भाषामा सञ्चार माध्यम स्थापनाको लागि राज्यबाट साधान स्रोत प्राप्त गर्ने हक हुनुपर्दछ ।

(द) **शोषण विरुद्धको हक :**

(१) प्रत्येक आदिवासी जनजाति व्यक्ति र समुदायलाई सबै किसिमका शोषण विरुद्धको हक तथा प्रभावकारी कानूनी उपचार प्राप्त गर्ने हक हुनुपर्दछ ।

(२) आदिवासीहरुलाई वर्ग, क्षेत्र,जातजाति, धर्म, भाषा, वर्ण, लिङ्ग, उत्पत्ति, प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले शोषण गर्न पाइने छैन ।

**स्पष्टिकरण** : आदिवासीहरुको प्रथा परम्पराको मूल्य मान्यतालाई नकारात्मक, द्वेष, घृणा, अफवाह, आत्मसम्मान, प्रतिष्ठामा चोट पुग्ने आदि कार्य कसैले गरे गराएमा त्यस्ता व्यक्ति वा समुदायका विरुद्ध राज्यले प्रभावकारी कार्वाही चलाउनु पर्दछ ।

(थ) **श्रम सम्बन्धी हक** : आदिवासीहरुको परम्परागत पेशा तथा व्यवसाय अभ्यास गर्न पाउने, सो संग सम्वन्धित भूमि तथा प्राकृतिक श्रोत साधनमाथि पहुँच,नियन्त्रण, व्यवस्थापन र विकास गर्न पाउने हक हुनुपर्दछ ।

**३. राज्यको दायित्व**

(१) देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक रुपान्तरण सुनिश्चित गर्ने,
(२) भ्रष्टचार दण्डहिनताको अन्त्य गर्दै सुशासन कायम गर्ने,
(३) राज्य संरचनाको सबै अंगहरूमा आदिवासी जनजातिहरुलाई जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्व गराउने ।

**४. राज्यका निदर्शेक सिद्धान्तहरू :**
सबै किसिमको आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रदायका वीच सामन्जस्य तथा सद्भाव स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ्य सामाजिक जीवन, समतामूलक समाजको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनुपर्दछ ।

**५. राज्यका नीतिहरू :**
विभिन्न धर्म, संस्कृति, जाति, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषाहरूका वीच समानता एवं सहअस्तित्वका आधारमा स्वस्थ्य र सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको पहिचान, भाषा, साहित्य,लिपी, कला, सस्ंकृतिको समान हैसियत प्रदान गर्ने तथा सवैको अस्थित्वलाई मान्यता तथा विकासद्वारा मुलुकको सास्ंकृतिक विविधता कायम राखी राष्ट्रिय एकतालाइ सदुढृ गर्ने नीति राज्यले अवलम्बन गर्नु पर्नेछ ।

<u>राय सुझाव पेश गर्ने :</u>

किरात याक्थुङ चुम्लुङ
केन्द्रिय कार्यालय
ललितपुर
फोन/फ्याक्स : ०१-५५२०३४९
इमेल : chumlung@wlink.com.np

## किरात याक्थुङ चुम्लुङद्धारा संविधान सभा राज्यको शासकीय स्वरुप निर्धारण समितिमा प्रस्तुत राय सुझाव

**१. सङ्घीय कार्यपालिका**

सङ्घीय कार्यपालिकाको सम्बन्धमा निम्नानुसारको व्यवस्था हुनु पर्दछ ।

(१) राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन :
सङ्घीय व्यवस्थापिकाका दुवै सदन प्रतिनिधिसभा तथा संघियसभा र राज्यहरुका व्यवस्थापिका - जनप्रतिनिधिसभा र राज्य सभाको निर्वाचक मण्डलले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्नेछ । निर्वाचन एकल संक्रमणीय मतदान प्रणालीबाट हुनुपर्दछ ।

(२) राष्ट्रपति र उपराष्ट्रपति दुई भिन्नाभिन्नै राज्य वा भौगोलिक क्षेत्रबाट निर्वाचित हुनुपर्दछ ।

(३) राष्ट्रापति र उपराष्ट्रपतिको पदावधि :
राष्ट्रपति र उपराष्ट्रपतिको कार्यकाल ५ वर्षको हुनेछ र उनीहरु दोहोरिएर निर्वाचत हुन सक्ने छैनन् । तर उपराष्ट्रपति राष्ट्रपतिको पदमा निर्वाचित हुनलाई कार्यकाल दोहोरिएको मानिने छैन ।

(४) जुन राज्यबाट राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित भएका छन्, त्यही राज्यबाट पुनः तत्काल राष्ट्रपति र उपराष्ट्रपतिका उम्मेदवार बन्न सक्ने छैनन् । बाँकी राज्यहरुबाट राष्ट्रपति र उपराष्ट्रपति बन्ने क्रम टुंगिए पछि मात्र फेरी ती राज्यहरु दोहोरिएर राष्ट्रपति र उपराष्ट्रपतिका उम्मेदवार उठाउन समर्थ हुनुपर्दछ ।

(५) राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन गर्दा सामाजिक समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गर्नुपर्दछ ।

(६) सङ्घीय कार्यकारिणी अधिकार :
- (क) नेपालको सङ्घीय कार्यकारिणी अधिकार यो संविधान र अन्य कानून बमोजिम प्रधानमन्त्री र सङ्घीय मन्त्रीपरिषदमा निहित रहनु पर्दछ ।
- (ख) नेपालको सङ्घीय कार्यकारिणी कामहरु नेपालको सङ्घीय सरकारको नाममा हुनुपर्दछ ।
- (ग) सङ्घीय कार्यकारिणी अधिकार अधिकार बाँडफाँडको सङ्घीय सूचि र साझा सूचिमा उल्लिखित विषयवस्तुमा सिमित रहनु पर्दछ ।

(७) सङ्घीय मन्त्रीपरिषदको गठनः
- (क) प्रधानमन्त्रीको अध्यक्षतामा एक सङ्घीय मन्त्रीपरिषदको गठन हुनुपर्दछ ।
- (ख) नेपाललाई एक निर्वाचन क्षेत्र मानि वालिगमताधिकारको आधारमा प्रत्यक्ष निर्वाचनबाट निर्वाचित प्रधानमन्त्री हुनुपर्दछ ।
- (ग) सङ्घीय मन्त्रीपरिषदमा वढीमा संघिय व्यवस्थापिकाको कुल सदश्य संख्याको १० प्रतिशत संख्यामा नबढ्ने गरी उपप्रधानमन्त्री,मन्त्री र राज्यमन्त्रीहरु रहनेछन ।
- (घ) सङ्घीय मंत्री परिषद नेपालको सामाजिक संरचना, भौगोलिक संरचना र सङ्घीय संरचना अनुरुपको सर्वोत्तम स्तरको समावेशी हुनुपर्दछ ।
- (ङ) मंत्री परिषदका ४० प्रतिशत सदस्यहरु महिला हुनेछन् र महिलाभित्र पनि विविधतालाई ख्यालमा राखी मंत्री परिषदको महिला सदस्य नियुक्त हुनुपर्दछ ।

(८) प्रधानमन्त्रीको कार्यकाल र हटाउने सम्वन्धी व्यवस्था
- (क) प्रधानमन्त्रीको कार्यकाल ५ वर्षको हुनेछ । दुइ पटक प्रधानमन्त्री भएको व्यक्ति तेश्रो पटकको् लागी उमेद्वार दिन अयोग्य हुनुपर्दछ ।
- (ख) प्रधानमन्त्रीलाई आफ्नो पदिय कर्तव्य पुरा नगरेको, आर्थिक अनियमितता गरेको देशको राष्ट्रिय हित विपरित कार्य गरेको भन्ने आधारमा कानुन बमोजिम सङ्घीय व्यवस्थापिकामा महाअभियोग प्रस्ताव

प्रस्तुत भई  सो प्रस्ताव सङ्घीय व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पुर्ण सदस्य संख्याको दुई तिहाई वहुमतवाट पारित भएमा प्रधानमन्त्री पदमुक्त हुनुपर्दछ ।

**२. राज्य कार्यपालिका**

जातीय स्वायत्त राज्यको एउटा कार्यपालिका हुनुपर्दछ ।

**(१) राज्य प्रमुख**

राज्यमा एक जना राज्य प्रमुख रहनेछ । राज्यका जनप्रतिनिधि सभा, राज्य सभा,  स्वशासित स्वायत्त परिषद र थुम स्वायत्त समितिहरुको निर्वाचक मण्डलले राज्य प्रमुखको निर्वाचन गर्नुपर्नेछ ।

**(२) कार्यकारिणी अधिकार**

(क) राज्यको कार्यकारिणी अधिकार नेपालको संविधान र राज्यको विधान र कानुन बमोजिम राज्य मन्त्रीपरिषदमा निहित हुनुपर्दछ ।

(ख) राज्यको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा राज्य मन्त्रीपरिषदमा हुनुपर्दछ ।

(ग) राज्यको कार्यकारिणी कामहरु राज्य सरकारको नाममा हुनुपर्दछ ।

(घ) राज्यको कार्यकारिणी अधिकार राज्यको अधिकार सूचि र साझा सूचि तथा सूचिमा उल्लेख नभएको हकमा समेत राज्यको अधिकार क्षेत्र मानिनेछ ।

(ङ) राज्य व्यवस्थापिकाले पारित गरेको कानुन कार्यान्वयन गर्नुपर्नेछ ।

**(३) राज्य मन्त्रीपरिषदको गठन**

(क) मुख्यमन्त्री राज्य मन्त्रीपरिषद प्रमुख हुनेछ । राज्यको जनप्रतिनिधिसभामा बहुमत प्राप्त दलका नेतालाई राज्यप्रमुखले मुख्यमन्त्रीको पदमा नियुक्त गर्नुपर्नेछ ।

(ख) मुख्यमन्त्रिको नेतृत्वमा राज्यमन्त्रि परिषदको गठन हुनुपर्दछ । राज्य मन्त्रीपरिषद समावेशी तथा समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको अधारमा गठन हुनुपर्दछ । तर व्यवस्थापिकाबाहिरका व्यक्तिलाई मन्त्रीपरिषदमा ल्याउन सकिने छैन । मुख्यमन्त्रीले आफू लगायत ११ जनामा नबढाई मन्त्रिमण्डल गठन गर्नुपर्नेछ ।

(ग) राज्यमन्त्रिपरिषद गठनमा आदिवासीहरुको निश्चित प्रतिशत प्रतिनिधित्व अनिवार्य हुनुपर्दछ ।

(घ) मुख्यमन्त्री र मन्त्रीहरूको पदावधी ५ वर्षको हुनेछ । नयाँ निर्वाचित प्रतिनिधिले कार्य प्रारम्भ नगरुन्जेल उनीहरूले नै कार्यपालिका सञ्चालन गर्नुपर्दछ ।

**३. कार्यकारिणी अङ्गको तह**

देशको कार्यकारिणी अङगलाई निम्न तहमा विस्तार गरिनु पर्दछ :

(क) संघ

(ख) राज्य

(ग) स्वाशासित क्षेत्र र

(घ) थुम स्वायत्त (प्रशासनिक तथा भौगोलिक क्षेत्रको स्थानिय निकाय)

**४. निर्वाचन प्रणाली**

सङ्घीय व्यवस्थापिकाको गठन : सङ्घीय व्यवस्थापिका दुई सदनात्मक हुनेछ - प्रतिनिधि सभा र सङ्घीय सभा ।

**(१) प्रतिनिधि सभाको निर्वाचन**

(क) प्रतिनिधि सभाको गठन :प्रत्यक्ष निर्वाचन र समानुपातिक निर्वाचनबाट निर्वाचित भएर आउने छन् ।

(ख) निर्वाचन क्षेत्रहरु कायम गरी हरेका क्षेत्रबाट एक जना पुरुष र एक जना महिला निर्वाचित हुनु पर्नेछ

(ग) प्रतिनिधिसभाको निर्वाचन परिणाम आएपछि प्रत्येक दलले पाएको मत प्रतिशतको आधारमा क्षतिपूर्ति वापतको प्राप्त प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधित्व नभएका अल्पसंख्यक, सीमान्तकृत र वहिष्करणमा परेका समुदायबाट प्रतिनिधित्व गराइनु पर्नेछ ।

(घ) प्रतिनिधि सभामा निर्वाचनका निमित्त राजनैतिक दलले उम्मेदवारी दिदा जातीय जनसंख्याको आधारमा आदिवासी जनजाति, दलित, अल्पसंख्यक लगायतलाई समानुपातिक प्रतिनिधित्व गरउनु पर्नेछ ।

(२) **सङ्घीय सभाको निर्वाचन**

(क) प्रत्येक राज्यका जनप्रतिनिधि सभा र राज्यसभाका कुल सदस्यहरुद्वारा एकल संक्रमणीय मतको आधारमा कानुनमा व्यवस्था भए अनुसार निर्वाचित हुने महिला तथा पुरुष गरी राज्यबाट निर्वाचित सदस्यहरु ।

(ख) अल्पसंख्यक आदिवासी जनजाति समुदायद्वारा आफ्नो आन्तरिक लोकतान्त्रिक प्रक्रिया (Communitarian Democracy) अन्तर्गत आफ्नै मौलिक प्रकृया र प्रतिनिधिमूलक संस्थाबाट लैंगिक र जातीय सन्तुलनको आधारमा छानिएका सदस्यहरु ।

(ग) अन्य अल्पसंख्यक र सीमान्तीकृत समुदाय, दलित, अपांग र यौनिक तथा लैंगिक अल्पसंख्यकहरु मध्येबाट सङ्घीय सरकारले मनोनित गरेको सदस्यहरु ।

(३) **मताधिकार**

(क) १६ वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई मत दिने अधिकार हुनुपर्दछ ।

(४) **जनप्रतिनिधि सभाको निर्वाचन**

राज्य व्यवस्थापिका दुइ सदनात्मक (क) जनप्रतिनिधि सभा र राज्य सभा । जातीय स्वायत्त राज्यको हकमा निम्नानुसार जनप्रतिनिधिसभा र राज्य सभाको निर्वाचन हुनुपर्दछ ।

(क) जनप्रतिनिधि सभाको गठन समानुपातिक र प्रथम हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार हुनेछ।

(ख) जनप्रतिनिधि सभामा राज्यलाई एक निर्वाचन क्षेत्र मानी कुल जनप्रतिनिधि सभाका सदस्यको ५० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनुपर्दछ ।

(ग) समानुपातिक निर्वाचन प्रणालीको लागि छुट्याइएको सदस्य संख्या मध्ये ५१ प्रतिशतमा जातीय तथा ऐतिहासिक आधारमा निर्माण भएको राज्यको हकमा पुर्ख्यौली थाक्थलो भएका आदिवासीहरु निर्वाचित हुनेछन भने ४९ प्रतिशत सदस्यहरु जाति, वर्ग, क्षेत्रहरुको समानुपातिक प्रतिनिधित्व हुनुपर्दछ ।

(घ) बाँकि ५० प्रतिशत सदस्यहरु प्रथम हुने निर्वाचित हुने प्रणालीबाट भूगोल र जनसंख्याको अनुपातमा निर्धारण गरिएको निर्वाचन क्षेत्रबाट निर्वाचित हुनेछन । जनसंख्याको अनुपात कम भएपनि स्वयत्त/स्वाशासित क्षेत्रको हकमा कम्तिमा एउटा निर्वाचन क्षेत्र कायम हुनेछ । राजनीतिक दलहरुले प्रथम हुने निर्वाचित हुने निर्वाचनमा समावेशी र समानुपातिक सिद्धान्त अनुरुप उम्मेदवारहरु दिनु पर्ने कानुनी व्यवस्था गरिनु पर्दछ ।

(ङ) जनप्रतिनिधि सभा सदस्यहरूको पदावधि ५ वर्षको हुनुपर्दछ ।

(५) **राज्य सभाको निर्वाचनः**

(क) राज्यका आदिवासी समूदायहरुले आफ्नो आन्तरिक लोकतान्त्रिक प्रक्रिया (Communitarian Democracy) अर्न्तगत आफ्नै मौलिक प्रक्रिया र प्रतिनिधिमूलक संस्थाबाट छानिएका एक जना महिला एक जना पुरुष प्रतिनिधिहरु राज्य सभाका सदस्य हुनुपर्दछ ।

(ख) राज्यका लागि महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्व, दलित, महिला, आदिवासी जनजाति, सिमान्तकृत समुदायहरुबाट राजनीतिक दलले जनप्रतिनिधि सभाको एकल संक्रमणिय मतको आधारमा निर्वाचित हुने सदस्यहरु ।

## ५. सरकारी सेवाका सम्वन्धमा

(१) सङ्घीय लोकतान्त्रीक गणतन्त्र नेपालमा दुइ प्रकारको सरकारी सेवा-सङ्घीय सरकारी र राज्य सरकारी सेवा रहनुपर्दछ ।

(२) सङ्घीय सरकारको अधिकार क्षेत्र (संघको अधिकार सूचि) भित्रको काम गर्न सङ्घीय सरकारी सेवाका कर्मचारी हुनेछन् । सङ्घीय सरकारी सेवामा जातीय जनसंख्याको अनुपात र समावेशिताको आधारमा कर्मचारी छनौट र नियुक्ति गर्ने ऐन कानुन बनाइ लागु गर्नुपर्नेछ ।

(३) सङ्घीय सरकारी सेवाका कर्मचारीहरुले जुन राज्यमा सेवा प्रदान गर्ने हो त्यस राज्यको सरकारी कामकाजको भाषाहरु र त्यस क्षेत्रको संस्कृतिको ज्ञान भएको हुनु पर्दछ ।

(३) राज्य सरकारी सेवामा राज्यको सम्वन्धित राज्यका नागरिकहरुमात्र योग्य हुनेछन् । तर आवश्यक विषेश राज्य सरकारी सेवाको लागि भने यस्तो व्यवस्था लागू हुनुहुँदैन ।

(४) हाल कार्यरत कर्मचारीहरु मध्ये विशेष प्रकारका सेवामा रहेका कर्मचारीलाई राज्य सरकारी सेवामा समायोजन गर्दा राज्यका नागरिकहरुलाई ग्राहयता दिइनुपर्दछ ।

**६. अन्तर सम्वन्ध**

संघ र जातीय स्वायत्त राज्यको अन्तरसम्बन्ध देहाय बमोजिम हुनुपर्दछ ।

(१) सङ्घीय संविधानको हकमा संवैधानिक अदालतले न्यायिक पुनरवलोकन (Judicial Review) गर्न सक्ने अधिकार हुनुपर्दछ ।

(२) राज्यहरूको शक्ति मौलिक शक्ति हुनुपर्दछ । सङ्घीय सरकारको शक्ति प्रदत्त शक्ति (delegated power) हुनुपर्दछ । तसर्थ सङ्घीय सरकारको शक्ति निश्चित गरिएको हुनुपर्दछ, बाँकी शक्तिहरू राज्य सरकारमा हुनुपर्दछ । वा अवशिष्ट शक्ति (residuary power) स्वायत्त राज्यहरूमा नै प्रदान गरिनुपर्दछ ।

(३) सङ्घीय संविधान संशोधनमा स्वायत्त राज्यहरूको निर्णायक स्थान हुने व्यवस्था हुनुपर्दछ ।

(४) सङ्घीय नेपालमा बहुभाषिक नीतिको व्यवस्था हुनुपर्नेछ ।

(५) सङ्घीय व्यवस्थापिकामा पठाइने प्रतिनिधिको पदावधि राज्यहरु अफैंले तोक्ने पाउने व्यवस्था हुनुपर्दछ ।

(६) सङ्घीय सरकारद्वारा राज्यका हितविपरीत कुनै पनि प्रकारको नीति निर्माण गर्न खोजिएमा राज्यको प्रतिनिधिले भिटो (विशेषाधिकार) लगाउन पाउने अधिकारको सङ्घीय संविधानमा प्रत्याभूति हुनुपर्दछ ।

(७) सङ्घीय सरकार र राज्य सरकारबीच वा परस्पर राज्यहरुबीच अधिकारको विषयलाई लिइ हुने मुद्दा, झगडा वा विवाद छिनोफानो गर्ने अधिकार संवैधानिक अदालतमा भए तापनि विखण्डनताबाहेक अन्य विषयहरूमा अधिकार सीमित गरिएको हुनुपर्दछ ।

(८) सङ्घीय संवैधानिक निकायहरूमा र सङ्घीय प्रशासनिक क्षेत्रमा राज्यको प्रतिनिधित्व समानुपातिक समावेशी रूपमा सुनिश्चितता संघले गर्नुपर्दछ ।

राय सुझाव पेश गर्ने :
किरात याक्थुङ चुम्लुङ
केन्द्रिय कार्यालय
ललितपुर
फोन/फ्याक्स : ०१-५५२०३४९
इमेल : chumlung@wlink.com.np

"लिम्बुवान जातीय स्वायत्तता, हाम्रो प्रतिवद्धता"

## किरात याक्थुङ चुम्लुङद्धारा संविधान सभा व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारणसमितिमा प्रस्तुत राय सुझाव

**१. सङ्घीय व्यवस्थापिका**

सङ्घीय व्यवस्थापिका दुई सदनात्मक हुनुपर्दछ - प्रतिनिधि सभा र सङ्घीय सभा दुवै सदन समानरुपले शक्ति सम्पन्न हुनुपर्दछ । सङ्घीय व्यवस्थापिकाका सम्बन्धमा निम्न व्यवस्थाहरु हुनुपर्दछ ।

(१) प्रतिनिधि सभाको गठन :

(क) प्रतिनिधि सभामा कुल सदस्य संस्था २३२ रहनु पर्दछ । जसमध्ये १३४ जना प्रत्यक्ष निर्वाचनबाट र ९८ जना समानुपातिक निर्वाचनबाट निर्वाचित भएर आउनुपर्दछ ।

(ख) प्रतिनिधि सभाको प्रत्यक्ष निर्वाचनबाट निर्वाचित्र हुने १३४ सदस्यहरुको निर्वाचनका लागि ६७ निर्वाचन क्षेत्रहरु कायम गरी रहेका क्षेत्रबाट एक पुरुष र एक जना महिला निर्वाचित हुनु पर्नेछ ।

(ग) प्रतिनिधिसभाको निर्वाचन परिणाम आएपछि प्रत्येक दलले पाएको मत प्रतिशतको आधारमा क्षतिपूर्ति वापतको प्राप्त हुने ९८ सिट संख्यामा निर्वाचनबाट प्रतिनिधित्व नभएका अल्पसंख्यक, सीमान्तकृत र वहिष्करणमा परेका समुदायबाट प्रतिनिधित्व गराइनु पर्दछ ।

(घ) प्रतिनिधि सभामा निर्वाचनका निमित्त राजनैतिक दलले उम्मेदवारी दिदा जातीय जनसंख्याको आधारमा आदिवासी जनजाति, दलित, अल्पसंख्यकलाई समानुपातिक प्रतिनिधित्व गराउनु पर्नेछ ।

(२) सङ्घीय सभाको गठन :

सङ्घीय सभामा देहाय बमोजिको ८५ सदस्यहरु रहनुपर्नेछ :

(क) प्रत्येक राज्यका जनप्रतिनिधि सभा र राज्यसभाका कुल सदस्यहरुद्वारा एकल संक्रमणीय मतको आधारमा कानुनमा व्यवस्था भए अनुसार निर्वाचित हुने २ महिला तथा २ पुरुष गरी जम्मा ४ जना सदस्यहरुको हिसाबले ११ राज्यबाट कुल ४४ सदस्यहरु ।

(ख) अल्पसंख्यक आदिवासी जनजाति समुदायद्वारा आफ्नो आन्तरिक लोकतान्त्रिक प्रक्रिया (Communitarian Democracy) अन्तर्गत आफ्नै मौलिक प्रकृया र प्रतिनिधिमूलक संस्थाबाट लैंगिक र जातीय सन्तुलनको आधारमा छानिएका २१ सदस्यहरु ।

(ग) अन्य अल्पसंख्यक र सीमान्तीकृत समुदाय, दलित, अपांग र यौनिक तथा लैंगिक अल्पसंख्यकहरु मध्येबाट सङ्घीय सरकारले मनोनित गरेको २० जना सदस्यहरु ।

(घ) राज्यसभा स्थायी सदन हुनेछ र यस सदनका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुइ वर्षमा समाप्त हुनुपर्दछ ।

(ङ) राज्य सभाका सदस्यहरुको पदावधि ६ वर्षको हुनुपर्दछ ।

(च) संवैधानिक अंगका पदाधिकारीहरु र राजदूतहरुको नियुक्ति, राज्य र त्यसभन्दा मुनिका स्वायत्त निकायहरुसंगको राजस्व बाँडफाँड र अनुदान वितरण सम्बन्धी नीति तथा सिद्धान्तको सङ्घीयसभाद्वारा अनुमोदन आवश्यक हुनुपर्दछ ।

(छ) संघ र राज्यहरुको साझा कार्यक्षेत्र संग सम्बन्धित कानून तथा नीतिहरु निर्माण र कार्यन्वयन गर्दा सङ्घीय सभाको समर्थन आवश्यक हुनुपर्दछ ।

(३) सङ्घीय व्यवस्थापिकाको उम्मेदवारको योग्यता

(क) नेपालको नागरिक हुनुपर्छ ।

(ख) प्रतिनिधि सभाका लागि २५ वर्ष र सङ्घीय सभाका लागि ३५ वर्ष उमेर पूरा भएको हुनुपर्छ ।

(ग) राज्यबाट एकल सक्रमणिय मतको आधारमा निर्वाचनका लागि उम्मेदवारी दिने व्यक्तिले सो राज्यको पनि नागरिकता लिनु पर्नेछ ।

(घ) लेखपढ गर्न सक्ने हुनुपर्दछ ।

(ङ) कुनै कानुनले अयोग्य हुनुहूँदैन र कुनै लाभको पद धारण गरेको व्यक्ति पनि योग्य हुनुपर्दछ ।

(स्पष्टिकरण : लाभको पद धारण गरेको व्यक्ति पनि योग्य हुने तर त्यस्ता सदस्यहरुले बैठक भत्ता बाहेक तलव सुविधा नपाउने व्यवस्था हुनुपर्दछ ।)

**२. राज्य व्यवस्थापिका**

राज्य व्यवस्थापिका दुई सदनात्मक हुनुपर्दछ । तल्लो सदनलाई जन प्रतिनिधिसभा र माथिल्लो सदनलाई राज्यसभा भनिनु पर्दछ ।

**(१) जनप्रतिनिधि सभाको गठन**

राज्य व्यवस्थापिका दुइ सदनात्मक (क) जनप्रतिनिधि सभा र राज्य सभा । जातीय स्वायत्त राज्यको हकमा निम्नानुसार जनप्रतिनिधिसभा र राज्य सभाको निर्वाचन हुनुपर्दछ ।

(क) जनप्रतिनिधि सभाको गठन समानुपातिक र प्रथम हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार हुनेछ।

(ख) जनप्रतिनिधि सभामा राज्यलाई एक निर्वाचन क्षेत्र मानी कुल जनप्रतिनिधि सभाका सदस्यको ५० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनुपर्दछ ।

(ग) समानुपातिक निर्वाचन प्रणालीको लागि छुट्याइएको सदस्य संख्या मध्ये ५१ प्रतिशतमा जातीय तथा ऐतिहासिक आधारमा निर्माण भएको राज्यको हकमा पुर्ख्यौली थाक्थलो भएका आदिवासीहरु निर्वाचित हुनेछन भने ४९ प्रतिशत सदस्यहरु जाति, वर्ग, क्षेत्रहरुको समानुपातिक प्रतिनिधित्व हुनुपर्दछ ।

(घ) बाँकि ५० प्रतिशत सदस्यहरु प्रथम हुने निर्वाचित हुने प्रणालीबाट भूगोल र जनसंख्याको अनुपातमा निर्धारण गरिएको निर्वाचन क्षेत्रबाट निर्वाचित हुनेछन । जनसंख्याको अनुपात कम भएपनि स्वयत्त/स्वाशासित क्षेत्रको हकमा कम्तिमा एउटा निर्वाचन क्षेत्र कायम हुनेछ । राजनीतिक दलहरुले प्रथम हुने निर्वाचित हुने निर्वाचनमा समावेशी र समानुपातिक सिद्धान्त अनुरुप उम्मेदवारहरु दिनु पर्ने कानुनी व्यवस्था गरिनु पर्दछ ।

(ङ) जनप्रतिनिधि सभा सदस्यहरूको पदावधि ५ वर्षको हुनुपर्दछ ।

**(२) राज्य सभाको गठनः**

(क) राज्यका आदिवासी समूदायहरुले आफ्नो आन्तरिक लोकतान्त्रिक प्रक्रिया (Communitarian Democracy) अर्न्तगत आफ्नै मौलिक प्रक्रिया र प्रतिनिधिमूलक संस्थाबाट छानिएका एक जना महिला एक जना पुरुष प्रतिनिधिहरु राज्य सभाका सदस्य हुनुपर्दछ ।

(ख) राज्यका लागि महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्व, दलित, महिला, आदिवासी जनजाति, सिमान्तकृत समुदायहरुबाट राजनीतिक दलले जनप्रतिनिधि सभाको एकल संक्रमणिय मतको आधारमा निर्वाचित हुने सदस्यहरु ।

**(३) राज्य व्यवस्थापिकाको उम्मेदवारको योग्यता**

राज्य संसदको सदस्य हुनका लागि कुनै पनि व्यक्तिः

(क) नेपालको नागरिक हुनुपर्छ ।

(ख) राज्यको नागरिक हुनुपर्छ ।

(ग) जनप्रतिनिधि सभामा २५ वर्ष र राज्य सभामा ३५ वर्ष उमेर पुगेको हुनुपर्छ ।

(घ) लेखपढ गर्न सक्ने हुनुपर्छ ।

(ङ) कानुनले अयोग्य हुनुहुँदैन र लाभको पद धारण गरेको व्यक्ति पनि योग्य हुनुपर्दछ ।

(स्पष्टिकरण : लाभको पद धारण गरेको व्यक्ति पनि योग्य हुने तर त्यस्ता सदस्यहरुले बैठक भत्ता बाहेक तलव सुविधा नपाउने व्यवस्था हुनुपर्दछ ।)

<u>राय सुझाव पेश गर्ने :</u>

किरात याक्थुङ चुम्लुङ
केन्द्रिय कार्यालय, ललितपुर
फोन/फ्याक्स : ०१-५५२०३४९,
इमेल : chumlung@wlink.com.np

## किरात याक्थुङ चुम्लुङद्धारा संविधान सभा न्याय प्रणाली समितिमा प्रस्तुत राय सुझाव

**१. न्यायपालिकाको ढाँचा, तह, स्वरुप र अधिकार क्षेत्र**

(क) न्यायपालिकाको स्वरुप संघीय हुनुपर्दछ ।

(ख) नेपालको न्यायप्रणाली न्यायिक/कानुनी बहुलतामा आधारित हुनुपर्दछ ।

(ग) आदिवासी जनजातिहरुको मौलिक न्याय संस्था/प्रथा र प्रथाजनित कानुनलाई नैपालको न्याय प्रणालीमा मान्यता दिईनु हुनेछैन ।

**न्यायपालिकाको तह देहाय बमोजिम हुनुपर्दछ ।**

१. सङ्घीय संवैधानिक अदालत
२. सङ्घीय सर्वोच्च अदालत
३. उच्च अदालत
४. स्वायत्त/स्वशाषित क्षेत्र अदालत र थुम अदालत
५. सामुदायिक अदालत, मध्यस्थता, नगर, गाउँ न्यायालय, मेलमिलाप केन्द्र

<u>अधिकार पत्र</u>

१. सङ्घीय संवैधानिक अदालतको हकमा, संघ र राज्यवीचको विवाद हेर्ने, संबैधानिक विवाद हेर्ने, सङ्घीय संविधान र कानुनकौ ब्याख्या गर्ने र अन्तराष्ट्रिय क्षेत्रसँग सम्बन्धित विषय हेर्ने ।

२. सर्वोच्च अदालतकौ हकमा, अन्तर राज्य विवाद समाधान, संविधानद्धारा प्रदत्त मौलिक हकहरुको प्रचलन सम्बन्धि विवादहरु हेर्ने, अन्य कुनै कानुनी उपचारको सवालमा कानुनमा व्यवस्था भए बमोजिम शुरु मुद्धा हेर्ने, पुनरावेदन सुन्ने, साधक जांच्ने, मुद्धा दोहोरयाउने वा निवेदन सुन्ने अधिकार हुनुपर्दछ ।

३. उच्च अदालतको हकमा, राज्य न्यायपालिकाको सबैभन्दा माथिल्लो तह राज्यको उच्च अदालत हुनेछ । उच्च अदालतले राज्यका सम्पूर्ण स्वायत्त/स्वशासित अदालत र थुम अदालतहरूलाई अवलोकन र सुपरिवेक्षण गर्नेछ । स्वायत्त/स्वशासित अदालत र थुम अदालतको फैसलाविरुद्धमा उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ । सर्वोच्च अदालतको अधिकारमा तोकिएको विषयहरूमा बाहेक राज्य उच्च अदालतले गरेको सबै मुद्दाको फैसला अन्तिम निर्णय हुनेछ । उच्च अदालत राज्यको अभिलेख अदालत हुनेछ । राज्यको ऐन कानुनको व्याख्या गर्ने अन्तिम अधिकार राज्यको उच्च अदालतमा निहित हुनुपर्दछ ।

४. स्वायत्त/स्वशासित अदालत, थुम अदालतको हकमा, स्थापना र व्यवस्था राज्यले कानुन बनाइ व्यवस्था गरे अनुरुप हुनुपर्दछ ।

५. सामुदायिक अदालत, मध्यस्थता, नगर, गाउँ न्यायालय, मेलमिलाप केन्द्रको हकमा, स्थापना र ब्यवस्था राज्यले कानुन बनाइ व्यवस्था गरे अनुरुप हुनुपर्दछ ।

**२. न्यायधीशहरुको नियुक्ति**

१. सङ्घीय संवैधानिक अदालतको हकमा, एक जना मुख्य प्रधान न्यायधीश सहित ७ जना न्यायधीशहरु रहने छन् । न्यायधीशहरु नियूक्त गर्दा लैगिक समानता कायम राख्दै जातीय समानुपातिक प्रतिनिधित्वको आधारमा गरिने छ । सङ्घीय संवैधानिक अदालतका प्रधान न्यायधीशको नियुक्ति न्यायसेवामा विभिन्न हैसियतमा २५ वर्ष काम गरेको वा कानुनमा स्नातक भई लगातार २५ वर्ष कानुन व्यावशायीको रुपमा काम गरेको वा लगातार ३० वर्ष कानुनको क्षेत्रमा अध्यापन, अध्ययन र अनुसन्धान गरेको कानुन विज्ञहरु मध्येबाट

संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले गर्नेछ । अन्य न्यायधीशहरुको नियुक्ति सङ्घीय न्याय परिषदको सिफारिसमा प्रधान न्यायधीशले गर्नुपर्नेछ ।

२. सर्वोच्च अदालतको हकमा, एक जना प्रधान न्यायधीश सहित ७ जना न्यायधीशहरु रहने छन् । सङ्घीय संवैधानिक परिषदको सिफरिसमा सर्वोच्च अदालतको प्रधान न्यायशीशलाई राष्ट्रपतिले नियुक्त गर्नेछ र अन्य न्यायधीशहरुको नियुक्ति सङ्घीय न्याय परिषदको सिफारिसमा प्रधान न्यायधीशले गर्नुपर्नेछ ।

३. राज्यको उच्च अदालतको हकमा, उच्च अदालतमा एक प्रमुख न्यायधीश सहित बढीमा ५ जनासम्म अन्य न्यायधीशहरु रहनेछन् । उच्च अदालतका प्रमुख न्यायधीश र अन्य न्यायधीशहरुको नियुक्ति राज्य न्याय परिषदको सिफारिसमा राज्य प्रमुखले नियुक्ति गर्नुपर्नेछ ।

४. स्वायत्त/स्वशासित अदालत, थुम अदालतको हकमा, राज्यले कानुन बनाइ व्यवस्था गरे अनुरुप हुनुपर्दछ ।

५. सामुदायिक अदालत, मध्यस्थता, नगर, गाउँ न्यायालय, मेलमिलाप केन्द्रको हकमा, स्थापना र ब्यवस्था राज्यले कानुन बनाइ व्यवस्था गरे अनुरुप हुनुपर्दछ ।

प्रधान न्यायधीश र अन्य न्यायधीशहरुको बर्खास्तीको हकमा, प्रधानन्यायधीशले राष्ट्रपति समक्ष र अन्य न्यायधीशहरुले लिखित राजिनामा दिएमा, पैसठ्ठी वर्षको उमेर भएमा र जनप्रतिनिधिसभाबाट महाअभियोग प्रस्ताव पारित भएमा र मृत्यु भएमा बर्खास्ती हुनुपर्दछ । सेवा शर्त, काम कर्तब्य तथा अधिकारहरु कानुनमा ब्यवस्था भए बमोजिम हुनुपर्दछ ।

३. महान्यायधिबक्ताको संबैधानिक स्थितिको हकमा, नेपालमा एक सङ्घीय महान्यायधिवक्ता रहनुर्पेछ । जसको नियुक्ति प्रधानमन्त्रिबाट हुनुपर्दछ ।

महान्यायधिवक्ताको काम, कर्तब्य र अधिकारको हकमा, सङ्घीय सरकारको मुख्य कानुनी सल्लाहकार हुनुपर्दछ, सङ्घीय संवैधानिक एवं कानुनी विषयमा सङ्घीय सरकार र सङ्घीय सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तब्य हुनुपर्दछ । अन्य कानुनमा ब्यवस्था भए बमोजिम हुनुपर्दछ ।

राय सुझाव पेश गर्ने :

किरात याक्थुङ चुम्लुङ
केन्द्रिय कार्यालय,
ललितपुर
फोन/फ्याक्स : ०१-५५२०३४९
इमेल : chumlung@wlink.com.np

“लिम्बुवान जातीय स्वायत्तता, हाम्रो प्रतिवद्धता”

[illegible]

## किरात याक्थुङ चुम्लुङद्धारा संविधान सभा राज्यको पुनर्संरचना समितिमा प्रस्तुत राय सुझाव

१. **सङ्घीय इकाई विभाजनका आधारहरु** निम्नानुसार हुनुपर्नेछ ।

- जातीय ऐतिहासिक पृष्ठभुमि/पहिचान
- जाति
- भाषा

२. **इकाई/राज्यहरुको नामाकरण** गर्दा निम्नानुसार हुनुपर्नेछ ।

- ✓ जाति
- ✓ भाषा

**३. राज्यहरुको संख्याः**
नेपाललाई ११ राज्यमा विभाजन गर्नु पर्दछ । तिनीहरु निम्नानुसार हुनुपर्दछः
१.लिम्बुवान, २.किरात/खम्बुवान, ३.मगरात, ४.थरुहट, ५.तामाङसालिङ, ६.तमुवान, ७. भोजपुरा/अवध, ८.नेवा, ९. पूर्व खसान, १०. पश्चिम खसान, ११. मिथिला

४. **राज्यको सिमाना निर्धारण** निम्न आधारमा गर्नुपर्नेछ । :
जातीय ऐतिहासिक पृष्ठभूमी, भौगोलिक अवस्थिति, जनचाहाना, द्वन्द्व समाधान र आर्थिक सम्भाव्यता तथा प्रशासनिक सुगमताका आधारमा सिमाना निर्धारण गर्नुपर्दछ ।

**५. सरकारको तहः**
सङ्घीय सरकार, राज्य सरकार र स्थानीय सरकार गरी ३ तहको सरकार हुनुपर्दछ ।

**६. अधिकार बाँडफाँडः**
सङ्घीय सरकारको अधिकार सूची, राज्य सरकारको अधिकार सूची, सङ्घीय सरकार र राज्य सरकारको साझा अधिकार सूची निर्माण गरी अधिकारको बाँडफाँड गर्नुपर्नेछ । स्थानीय स्तरको सूचीको सन्दर्भमा राज्य सरकारले सूची बनाई लागु गर्नुपर्दछ ।

| **सङ्घीय सूचि** | **राज्यको सूचि** | **साझा सूचि** |
|---|---|---|
| १. रक्षा,<br>२. परराष्ट्र मामिला<br>३. मुद्रा,<br>४. केन्द्रीय बैंक तथा वित्तिय सस्था,<br>५. अन्तर्राष्ट्रिय व्यापार,<br>६. उपरोक्त विषयहरूसंग | १. स्वास्थ्य,<br>२. शिक्षा,<br>३. कृषि<br>४. उद्योग<br>५. राज्य स्तरको बनजंगल, जलस्रोत, खनीज लगायतका प्राकृतिक स्रोतसाधन<br>६. राज्यको शान्ति सुरक्षा तथा प्रहरी प्रशासन<br>७. यातायात<br>८. खानेपानी तथा सरसफाई | १. ठुला विद्युत परियोजना,<br>२. राजमार्ग<br>३. विमानस्थल<br>४. ठुला खनिज सम्पदा,<br>५. राष्ट्रिय निकुञ्ज,<br>६. हुलाक,<br>७. राष्ट्रिय स्तरको सिंचाई<br>८. सूचना तथा सञ्चार<br>९. उच्च शिक्षा |

| | | |
|---|---|---|
| सम्वन्धित अपराध | ९. साना विद्युत परियोजना<br>१०. मादक पदार्थ,<br>११. राज्य स्तरको खानी तथा खनिज,<br>१२. राज्य स्तरको विकास निर्माणका पूर्वाधार<br>१३. कला संस्कृति सम्पदा,<br>१३. भूमिसुधार तथा भूमि व्यवस्थापन<br>१४. व्यापार व्यवसाय,<br>१५. पशुपालन<br>१६. उच्च अदालत,<br>१७. थुम अदालत<br>१८. सामुदायिक अदालत<br>१९. सम्पति कर<br>२०. मालपोत,<br>२१. व्यवसायिक कर<br>२२. यातायात कर<br>२३. स्थानीय कर<br>२४. जनसँख्या व्यवस्थापन<br>२५. आयकर<br>२६. उपरोक्त विषयसंग सम्बन्धित अपराध,<br>२७. सङ्घीय र साझा सूचिमा उल्लेख नगरिएका अन्य विषयहरू | १०. जलस्रोत<br>११. अपराध सम्वन्धी कानून<br>१२. फौजदारी कानून<br>१३. देवानी कानून<br>१४. कारागार<br>१५. आर्थिक तथा सामाजिक योजना<br>१६. श्रमिकसंग सम्वन्धित विषय<br>१७. सामाजिक उपकार तथा सुरक्षा,<br>१८. जनस्वास्थ्य<br>१९. अन्तर राज्यको व्यापार<br>२०. अन्तर राज्यको जलमार्ग,<br>२१. सिनेमा,<br>२२. राष्ट्रिय स्तरको शैक्षिक संस्था,<br>२३. विश्व सम्पदा,<br>२४. भन्सार<br>२५. मूल्य अभिवृद्धि कर<br>२६. उपरोक्त विषयसंग सम्वन्धित अपराध |

**७. विवाद समाधान :**
राज्यहरुवीच, केन्द्र र राज्यहरुवीच विवाद आएमा त्यसको समाधान संवैधानिक अदालतले गर्नुपर्नेछ ।

**८. अवशिष्ट अधिकार** राज्य सरकारलाई हुनुपर्नेछ ।

**९. सङ्घीय सरकार र राज्य सरकारको** व्यवस्थापिकीय, कार्यकारिणी, न्यायिक र सरकारी सेवामा ५० प्रतिशत महिलाको अधिकार सुनिश्चित गर्नुपर्दछ ।

**१०. लिम्बुवान स्वायत्त राज्य**को प्रस्तावित खाका यसैसाथ संलग्न गरिएको छ ।

<u>राय सुझाव पेश गर्ने :</u>

किरात याक्थुङ चुम्लुङ
केन्द्रिय कार्यालय
ललितपुर
फोन/फ्याक्स : ०१-५५२०३४९
इमेल : chumlung@wlink.com.np

"लिम्बुवान जातीय स्वायत्तता, हाम्रो प्रतिवद्धता"

## किरात याक्थुङ चुम्लुङद्वारा संविधान सभा प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिमा प्रस्तुत राय सुझाव

**१. राज्य भित्रको प्राकृतिक श्रोतहरुः**

जल, जंगल, जमिन, खानी, वन्यजन्तु, निकुञ्ज, जडीवुटी आदि हुन ।

**२. सूचीकृत प्राकृतिक श्रोतहरुलाई** राज्य तहमा राख्नु पर्दछ ।

**३. राज्यले** त्यस क्षेत्र भित्रको प्राकृतिक श्रोतको संरक्षण संवर्धन र त्यसको औधोगिकरण, बजार व्यवस्थापन गर्नु पर्दछ । यस अवस्थामा राज्य सरकारले राज्य भित्र रहेका आदिवासी जनजातिहरुको प्राकृतिक श्रोतहरुसँगको धार्मिक/आध्यात्मिकतालाई मध्यनजर गर्दै उनीहरुको प्राकृतिक श्रोत संरक्षणका परम्परागत उपाय र विधिहरु अपनाउनु पर्दछ ।

**४. राजश्वको** बाँडफाँड निम्नानुसार हुनुपर्दछ ।

क. स्थानीय तह :

ख. राज्य तह :

ग. सङ्घीय तह :

**५. वित्तीय साधनको बाँडफाँड**

वित्तीय साधनको व्यवस्थापन र बाँडफाँड निम्न बमोजिम हुनुपर्दछ ।

(१) भन्सार, संस्थागत आयकर लगाउने र उठाउने अधिकार सङ्घीय सरकारको हुनुपर्दछ ।

(२) मूल्य अभिवृद्धिकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, सवारी साधन कर र अन्तशुल्क र प्राकृतिक स्रोत माथिको कर र रोयल्टी (सलामी दस्तुर) लगाउने र उठाउने अधिकार राज्यको हुनुपर्दछ ।

(३) सम्पत्ति कर, मनोरंजन कर, घरजग्गा वहालकर, घरजग्गा रजिष्ट्रेसन दस्तुर, मालपोत, व्यवशाय दर्त्ता कर लगाउने र उठाउने अधिकार स्वायत्त/स्वशासित क्षेत्र र स्थानीय निकायहरुको हुनुपर्दछ ।

(४) सङ्घीय सरकारको अधिकार क्षेत्र बाहेकका विषयको कर लगाउने अधिकार राज्यमा हुनुपर्दछ ।

(५) सङ्घीय सरकारको संचित कोषमा जम्मा भएको राजस्वको सामान्यतया ३५ सङ्घीय कोषमा राखि बांकी ३० प्रतिशत राज्यहरुलाई र ३५ प्रतिशत स्वायत्त/स्वशासित क्षेत्र र स्थानीय निकायहरुको प्रशासनिक कार्य र विकास कार्यक्रम संचालनको लागि संघले उपलब्ध गराउनु पर्दछ ।

(६) राज्यहरुले आफ्ना विकास आयोजनाहरु संचालनको लागि दातृ राष्ट्र, संस्था र निकायहरुसंग सम्पर्क राख्न, सम्झौता गर्न र सहयोग लिन सक्नेछन् । तर यस्तो कार्यका सम्पूर्ण प्रक्रिया र परिणाम बारे सघीय सरकारबाट स्वीकृति लिनु पर्नेछ ।

(७) राज्य सरकारहरुले आफ्नो राज्यको आर्थिक एवं औद्योगिक विकासको लागि आवश्यक आर्थिक नीति अवलम्बन गर्न र वैदेशिक लगानी आकर्षण गर्न तथा लगानीको अनुमति दिन सक्नेछन् । यस्तो कार्य गर्दा राज्य सरकारहरुले स्वायत्त/स्वशासित क्षेत्रहरुको पूर्व सहमति लिनुपर्नेछ ।

(८) राष्ट्रिय प्रतिष्ठा, स्वतन्त्रता, सर्वभौमिकता र वहुमूल्य प्राकृतिक स्रोत साधनको दीर्घकालीन उपयोगसंग जोडिएका ठूलाठूला आयोजनाहरु संचालनको निमित्त सङ्घीय व्यवस्थापिकाको दुइतिहाई वहुमतको साथै बहुसंख्यक राज्यहरुको व्यवस्थपिकाको वहुमतको समर्थन जरुरी हुनुपर्दछ ।

राय सुझाव पेश गर्ने :
किरात याक्थुङ चुम्लुङ
केन्द्रिय कार्यालय, ललितपुर
फोन/फ्याक्स : ०१-५५२०३४९
इमेल : chumlung@wlink.com.np

# किरात याक्थुङ चुम्लुङद्धारा संविधान सभा संवैधानिक निकायको संरचना निर्धारण समितिमा प्रस्तुत राय सुझाव

**१. संवैधानिक निकायहरु**

सङ्घीय तहमा निम्नानुसारका संवैधानिक निकायहरु रहनु पर्दछ ।

(१) लोक सेवा आयोग
(२) निर्वाचन आयोग
(३) मानव अधिकार आयोग
(४) अरितयार दुरुपयोग अनुसंधान आयोग
(५) महालेखा परिक्षक

यी निकायहरु राज्य तहमा पनि रहने व्यवस्था हुनु पर्दछ । राज्य तहमा रहने यी निकायहरु स्वतन्त्र र निष्पक्ष रहने हुनुपर्दछ । यिनीहरुको गठन समानुपातिक समावेशी सिद्धान्तमा आधारित हुनुपर्दछ ।

माथि उल्लेखित संवैधानिक निकायहरु बाहेक निम्नानुसारको प्रस्तावित संवैधानिक निकायहरु सम्वन्धी व्यवस्था हुनुपर्दछ ।

**क. आदिवासी जनजाति आयोग**

१. नेपालमा एक आदिवासी जनजाति आयोग रहनेछ । जसमा देहाय बमोजिम एक अध्यक्ष र आवश्यक सदस्यहरु हुनुपर्दछ ।

(क) आदिवासी जनजातिहरुका हक, अधिकार लगायत जातीय (भाषिक, धार्मिक, साँस्कृतिक) पहिचानका लागि लामो समयदेखि विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरु मध्येबाट एक जना अध्यक्ष ।

(ख) आदिवासी जनजातिको मानवअधिकार, जातीय अधिकार लगायत अन्तराष्ट्रिय कानुनबारे प्रष्ट जानकारी राखेका र आदिवासी जनजातिको अधिकारको संरक्षण र सम्बर्धनका लागि विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट दुईजना सदस्य ।

(ग) आदिवासी जनजातिहरुको भाषा, लिपी, धर्म, संस्कृति, कला, साहित्य, कानुन, विज्ञान, प्रविधि वा अन्य आदिवासी जनजातिका क्षेत्रमा अनुसन्धान, अध्ययन वा कुनै महत्वपूर्ण कार्य गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा ख्यातिप्रप्त व्यक्तिहरु मध्येबाट दुई जना सदस्य ।

२. आदिवासी जनाजाति आयोगको अध्यक्ष र सदस्यहरुको नियुक्ति गर्दा जातीय सन्तुलन कायम गरी वर्ग, लिङ र क्षेत्रको समानुपातिक समावेशीको सिद्धान्त अनुसार आदिवासी जनजाति समुदायबाट नियुक्ति गर्नु पर्नेछ ।

३. आदिवासी जनजाति समुदायको वास्तविक प्रतिनिधि मुलक संघसस्थाको छनौट बमोजिम प्रधानमन्त्रीले संवैधानिक परिषदको सिफारिशमा आदिवासी जनजाति आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नु पर्नेछ ।

**४. आदिवासी जनजाति आयोगको काम, कर्तव्य र अधिकार**

(१) आदिवासी जनजातिको मानवअधिकार तथा जातीय अधिकारको सम्मान, संरक्षण सर्म्बधन गर्नु र त्यसको प्रभावकारी कार्यन्वययनलाई सुनिश्चित गर्नु आ. ज. आयोगको प्रमुख कर्तव्य हुनुपर्दछ ।

(२) आदिवासी जनजातिहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनद्वारा प्राप्त अधिकारको कार्यन्वयनको अनुगमन, मुल्याङ्कन तथा पूर्ण पालन गर्ने गराउने आ. ज. आयोगको कर्तव्य हुनुपर्दछ ।

(३) राज्यको विभिन्न निकायमा प्रतिनिधीत्व गर्दा प्रत्येक आदिवासी जनजाति समुदायले आफ्नो परम्परागत लोकतान्त्रिक प्रक्रिया अन्तर्गत आफ्नै मौलिक प्रकिया र प्रतिनिधीमुलक सस्थाबाट छानिएर गए नगएको

बारे आयोगमा जानकारी वा उजुरी परेमा सोसम्बन्धमा छानविन, जाँचबुच गरी सत्य तथ्य पत्ता लगाउने आ. ज. आयोगको कर्तव्य हुनुपर्दछ ।

(४) माथि उल्लेखित कर्तव्य पुरा गर्नको लागि आ. ज. आयोगले देहायका कामहरु गर्नेछ ।

(क) कुनै आदिवासी जनजाति व्यक्ति वा समूहको जातीय अधिकार वा मानवअधिकार उल्लघंन भएमा वा दुरुत्साहन भएमा पिडित व्यक्ति आफै वा निज आवद्ध जातीय संस्थामार्फत निजको तर्फबाट आयोग समक्ष प्राप्त वा प्रेषित निवेदन वा उजुरीको छानविन तथा अनुसन्धान गरी दोषी उपर कारवाही गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने ।

(ख) आदिवासी जनजाति अधिकार वा सामुहिक अधिकार उल्लंघन् हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफनो पदीय जिम्मेवारी पुरा नगरेमा वा कर्तव्य पालना गर्न उदासिनता देखाएमा निज उपर विभागीय कारवाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिश गर्ने ।

(ग) आदिवासी जनजातिका व्यक्तिगत वा सामुहिक अधिकार उल्लघंन गर्ने व्यक्ति वा समुहका विरुद्ध मुद्दा चलाउन पर्ने आवश्यकता परेमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने ।

(घ) आदिवासी जनजाति अधिकार सम्बन्धी चेतना अभिबृद्धि गर्न सम्बन्धित संघसस्थां र समुदायसँग समन्वय सहकार्य गर्ने ।

(ङ) आदिवासी जनजातिका व्यक्तिगत वा सामुहिक अधिकार उल्लघन् गर्ने व्यक्ति वा समुहलाई कारवाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिश गर्ने ।

(च) आदिवासी जनजाति सँग सम्बन्धित प्रचालित कानुनको आवधिक रुपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार र संसोधनको सम्बन्धमा सङ्घीय र राज्य सरकार समक्ष सिफारिश गर्ने ।

(छ) आदिवासी जनजाति अधिकारसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धि वा सम्झौता नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारण सहित नेपाल सरकार समक्ष सिफारिश गर्ने र पक्ष बनिसकेको सन्धि वा सम्झौताको कार्यान्वयन् भए वा नभएको सम्बन्धमा अनुगमन गरी कार्यान्वयन् नभएको देखिएमा सोको कार्यान्वयन् गर्न सङ्घीय र राज्य सरकार समक्ष सिफारिश गर्ने ।

(ज) आदिवासी जनजाति अधिकारको उल्लंघनका सम्बन्धमा आ. ज. आयोगले गरेको सिफारिश वा निर्देशन कार्यान्वयन् वा पालना नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम प्रचलित कानुन बमोजिम सार्वजानिक गरी आदिवासी जनजाति अधिकार उल्लंघनकर्ताको रुपमा अभिलेख राख्ने ।

५. आ. ज. आयोगले आपनो कर्तव्य पालन गर्दा वा कार्य सम्पादन गर्दा देहाय बमोजिमको अधिकारको प्रयोग गर्न सक्नेछ ।

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनुपर्दछ ।

(ख) आदिवासी जनजाति अधिकारको उल्लंघन हुन लागेको वा भईसकेको सुचना कुनै किसिमबाट आयोगले प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सुचना प्रवेश गर्ने खानतलासी लिने, खानतलास लिदा आदिवासी जनजाति अधिकारसँग सम्बन्धित लिखित, प्रमाण वा सवुद कव्जा लिने ।

(ग) कुनै आदिवासी जनजाति अधिकार उल्लंघन भईरहेको कुरा जानकारीमा आई तत्काल कारवाही गर्नु पर्ने देखिएमा बिना सूचना सम्बन्धित स्थानमा प्रवेश गर्ने र उद्धार गर्ने ।

(घ) आदिवासी जनजाति अधिकारको उल्लंघनबाट पीडित व्यक्ति वा संस्थालाई कानुन बमोजिम अधिकतम क्षतिपूर्ति दिन आदेश दिनु पर्दछ ।

(ङ) आवश्यकता अनुसार राज्यहरुमा शाखाहरु खोली कार्य गनुपर्नेछ ।

(च) कानुनमा व्यवस्था भए बमोजिम अन्य अधिकारको प्रयोग तथा कर्तव्यको पालना गर्ने वा गराउने ।

**ख. भाषा तथा संस्कृति आयोग**

१. नेपालमा एक भाषा तथा संस्कृति आयोग हुनेछ । जसमा अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरु रहनुपर्दछ ।

२. संबैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले ५ वर्षको लागि भाषा तथा संस्कृति आयोगका अध्यक्ष तथा सदस्यहरुको नियुक्ति गर्नुपर्दछ ।

३. भाषा तथा संस्कृति आयोगका अध्यक्ष र सदस्यहरु बीस वर्ष वा सो भन्दा बढी सरकारी सेवामा रहि काम गरेको वा भाषिक तथा सांस्कृतिक हक अधिकार सम्बन्धि सोध, अनुसन्धान तथा अध्यापन गरि ख्याति प्राप्त गरेका व्यक्तिहरु मध्येबाट नियुक्त हुनुपर्दछ । यसरी नियुक्ति गरिदा देश भित्रका विभिन्न भाषा संस्कृतिको प्रतिनिधीत्व गराईनु पर्दछ ।

५. देहाय बमोजिमका कुनै व्यक्ति भाषा तथा संस्कृति आयोगका अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि योग्य हुनुपर्दछ ।

क) मान्यता प्राप्त विश्वबिद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

ख) नियुक्ति हुदाँ बखत कुनै राजनैतिक दलको सदस्य नरहेको ।

ग) ४० वर्ष उमेर पुरा भएको ।

घ) उच्च नैतिक चरित्र कायम भएको ।

**काम कर्तव्य अधिकारः**

क) नेपालमा बोलिने सबै भाषाहरु राष्ट्र भाषा हुने भएकोले भाषा प्रयोगको निति निर्माण सिफारिस र अनुगमन गर्ने ।

ख) राज्यका भाषाहरु पेहिचान गरी सरकारी कामकाजमा प्रयोगको सिफारिस गर्ने ।

ग) मातृभाषा शिक्षा/वहुभाषिक शिक्षा सम्बन्धी कार्यको अनुगमन गर्ने ।

घ) लोपोन्मुख भाषा तथा लिपिको संरक्षण, सम्बर्द्धन र विकासका लागि सङ्घीय र राज्य सरकारलाई सहयोग पुऱ्याउने ।

ङ) विभिन्न धर्म, संस्कृति, कला, लिपिहरुको समानताको आधारमा विविधता कायम राखी राष्ट्रिय एकतालाई मजवुत बनाउने तर्फ क्रियाशील रहने ।

च) भाषा तथा संस्कृति सम्बन्धी अधिकार उल्लंघन वा त्यसको दूरुत्साह भएको भएमा पीडित व्यक्ति वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै श्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानवीन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिश गर्ने ।

छ) भाषा तथा संस्कृति सम्वन्धी अधिकार उल्लंघन हुनबाट रोक्ने जिम्मेवार वा कर्तव्य भएको पदाधिकारीलाई जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न सिफारिश गर्ने ।

ज) भाषिक तथा सांस्कृतिक अधिकार उल्लंघन गर्ने व्यक्तिका विरुद्ध मुदा चलाउनु पर्ने आवश्यकता भएमा कानुन बमोजिम अदालतमा मुदा दायार गर्न सिफारिष गर्ने ।

झ) भाषिक तथा सांस्कृतिक अधिकार सचेतना अभिबृद्धि गर्न नागरिक समाजसंग समन्वय र सहकार्य गर्ने।

ञ) भाषिक तथा सांस्कृतिक अधिकारको उल्लघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिश गर्ने ।

ट) भाषिक तथा सांस्कृतिक अधिकारसंग सम्बन्धित प्रचलित कानुनको आवधिक रुपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनको सम्बन्धमा सङ्घीय र राज्य सरकार समक्ष सिफारिश गर्ने ।

ठ) भाषिक तथा सांस्कृतिक अधिकारसंग सम्बन्धित अर्न्तराष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारण सहित सङ्घीय सरकारलाई सिफारिश गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन नभएको पाईएमा सो को कार्यान्वयन गर्न सङ्घीय र राज्य सरकार समक्ष सिफारिश गर्ने ।

**ग. राष्ट्रिय महिला आयोग**

यस आयोगको गठनमा सबै जातिका महिलाहरु (आदिवासी) जनजाति, दलित, तराई, मुश्लीम, भौगोलिक रुपले पछाडि पारिएका को समानुपातिक रुपमा सहभागी रहने गरी प्रतिनिधी (सदस्य) हरु रहनु पर्दछ ।

**काम कर्तव्य:**

१. यस राष्ट्रिय महिला आयोगले नेपालका सम्पुर्ण जातजाति, भाषा, भाषी, संस्कृति र संस्कारले प्रभाव पारेका महिलाहरुको वा समुदायको सत्य र मान्यतालाई सम्मान गर्ने कानुन बनाउन राज्यलाई सुझाव दिने ।

२. समाजमा रहेका वा महिला माथि गरिने वा व्यवहार, शोषण, भेदभाव र हिसां जस्ता परम्परागत राज्य, मान्यता, धर्मलाई राज्यले कडा कानुन बनाउन सुझाव दिने र त्यसको विरुद्ध महिलाहरुलाई कानुनी रुपमा सचेत गर्ने ।

३. महिलाको मानव अधिाकारलाई प्रत्यभुति गराउने अन्तराष्ट्रिय कानुनलाई कानुनी रुपमा कार्यनवयन गर्ने र राज्यलाई दवाव दिने र महिलाहरुलाई यसबारे सचेत गर्ने ।

४. महिलाहरुको अधिकारलाई संरक्षण गर्न बनेका राष्ट्रिय कानुनहरुलाई कार्यन्वयन गर्न राज्यलाई दवाव दिने र महिलाहरुलाई यसबारे सचेत गर्ने ।

५. महिलाहरुको अधिकारलाई संरक्षण गर्न बनेका राष्ट्रिय कानुनहरुलाई विश्लेषण गर्ने र महिलाको हक र हितमा रहेका कानुनलाई कार्यन्वयन गर्ने र गराउन राज्यलाई दवाव दिने ।

६. आदिवासी जनजाति, दलित, मधिसी, सामाजिक रुपले पछाडि परेका महिलाहरुको हक र अधिकार सरक्षित गर्न निती नियम बनाउने ।

७. महिला सम्वन्धी अन्तराष्ट्रिय सन्धि र घोषणाहरु अनुरुप नेपालमा महिलाहरुको हक स्थापित गर्न र हित साध्य गर्न सङ्घीय, राज्य र जनस्तरीय निकायका सरकारहरुलाई आवश्यक कानुन बनाउन निर्देशन दिने र त्यस्ता कानुनहरुको कार्यान्वयनको अनुगमन गर्ने ।

**घ. अल्पसंख्यक र सिमान्तकृत आयोग**

यस आयोगको गठनको लागि अल्पसंख्यक र अतिसिमान्तकृत सामाजिक, आर्थिक, राजनैतिक, भाषिक रुपले पछाडि पारिएका महिला, आीदवासी जनजाति, अपांग, दलित, मुस्लीम, एकल महिलाहरुको समानपातिक रुपमा सहभागिता रहन पर्दछ ।

**काम र कर्तव्य :**

- यस आयोगले राष्ट्रिय कानन (आदिवासी जनजाति, लोपोन्मुख र अतिसिमान्तकृत) हरुको आर्थिक, सामाजिक, राजनैतिक, सास्कृतिक विकास, संरक्षण र अधिकार प्रयोग बारे निति नियम बनाउने, संरक्षण गर्ने ।
- अन्तराष्ट्रिय कानुनलाई कार्यन्वयन गर्ने र राज्यलाई गराउने ।

**ङ. दलित आयोग**

नेपालमा एक दलित आयोग रहनेछ । जसमा देहाय बमोजिम एक अध्यक्ष र आवश्यक सदस्यहरु रहने छन्।

१. यस आयोगको गठनमा सबै भौगोलिक क्षेत्र र दलित भित्रका विविधताको आधारमा समानुपातिक समावेशी रुपमा सहभागी रहने गरी सदस्यहरु रहनु पर्दछ ।

२. संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले दलित आयोगका अध्यक्ष तथा सदस्यहरुको नियुक्ति गर्नेछ।

३. अध्यक्ष तथा सदस्यहरुको कार्यकाल ५ वर्षको हुनेछ ।

**काम र कर्तव्य**

- यस दलित आयोगले दलित समुदायलाई मान्यता र सम्मान गर्ने कानुन बनाउन राज्यलाई सुझाव दिने,

- समाजमा दलितहरुमाथि जातीय आधारमा हुने शोषण, भेदभाव, उत्पिडनको विरुद्ध सरकारलाई कडा कानुन बनाउन सुझाव दिने र त्यसको विरुद्ध दलितहरुलाई कानुनी रुपमा सचेत गर्ने,
- दलितहरुको मानव अधिकारलाई संरक्षण र प्रत्याभूत गराउने राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनहरुलाई कार्यान्वयन गर्न सरकारलाई दवाब दिने र यस विषयमा दलितहरुलाई सचेत गराउने,
- दलित अधिकार सम्वन्धी कानुन कार्यान्वयनको अवस्था अनुगमन गर्ने,

**ङ. लोक सेवा आयोग**

१. लोक सेवा आयोगका दुई तह हुनुपर्दछ :

(क) सङ्घीय लोक सेवा आयोग

(ख) राज्य लोक सेवा आयोग

२. सङ्घीय सेवाका पदहरुमा नियुक्तको लागि उम्मेदवारहरुको छनौट गर्न परिक्षा संचालन गर्न र नियुक्ति, सरुवा, बढुवा र विभागीय कार्वाहीलाई सङ्घीय सरकार परामर्श दिन सङ्घीय लोक सेवा आयोग हुनुपर्दछ ।

३. राज्य सेवा र अन्य स्वायत्त इकाइहरुको सेवाका पदहरुमा नियुक्तका लागि उम्मेदवारहरुको छनौट गर्न परिक्षा संचालन गर्न र नियुक्ति, सरुवा, बढुवा र विभागीय कार्वाहीका लागि राज्य सरकार र तत्तत् निकायलाई सल्लाह दिन राज्य लोक सेवा आयोग हुनुपर्दछ ।

४. सेवाहरु

१) नेपालका निजामति लगायत समग्र सरकारी सेवाहरुलाई सङ्घीय, राज्य र स्वायत्त इकाईगत/जनस्तरिय सेवामा वर्गिकरण गरिनुपर्दछ ।

२) एउटा सेवाबाट उपयुक्त मापदण्ड पुरा गरि अर्को सेवामा जान सकिनेछ ।

३) हाल सङ्घीय सेवा अन्तर्गत रहेका समग्र राष्ट्र सेवकहरुलाई राज्य र स्वायत्त इकाइगत/जनस्तरिय सेवाको यथेष्ट विकास नभएसम्म ती सेवाहरुमा सङ्घीय सरकारले पठाउन सक्नेछ ।

४) राज्य र स्वायत्त इकाइगत/जनस्तरिय सेवामा जान नचाहने र सङ्घीय सेवामा पदहरु समायोजन हुन नसक्ने अवस्थामा बढी हुन आएका राष्ट्र सेवकहरुलाई विशेष सुविधा सहित अवकाश दिन सकिने छ तर प्राविधिकहरुका हकमा भने यस्तो प्रावधान लागू हुने छैन् ।

५) राज्य र स्वायत्त इकाइहरुले माग गरेमा सङ्घीय सेवाका कुनैपनि राष्ट्र सेवकलाई सङ्घीय सरकारले उपलब्ध गराउनु पर्दछ ।

राय सुझाव पेश गर्ने :

किरात याक्थुङ चुम्लुङ
केन्द्रिय कार्यालय
ललितपुर
फोन/फ्याक्स : ०१-५५२०३४९
इमेल : chumlung@wlink.com.np

"लिम्बुवान जातीय स्वायत्तता, हाम्रो प्रतिवद्धता"

ᤁᤡᤖᤠᤳ ᤕᤠᤰᤌᤢᤱ ᤆᤢᤶᤗᤢᤱ

## किरात याक्थुङ चुम्लुङद्धारा संविधान सभा राष्ट्रिय हितको संरक्षण समितिमा प्रस्तुत राय सुझाव

राष्ट्रिय हितको संरक्षणको निमित्त निम्न व्यवस्थाहरु हुनु पर्दछ ।

१. राष्ट्रिय हित संरक्षणको निमित्त जातीय, वर्गीय, लैंगिक, धार्मिक र क्षेत्रीय लगायत सबै प्रकारको विभेद अन्त गरी पारस्परिक सद्भाव, सम्मान, कदरका वातावरण श्रृजना गरेर राष्ट्रिय एकताको प्रवर्द्धन गर्नुपर्दछ ।

२. गरीबी र असमानताको अन्त, अवसर र उत्पादनशील संशाधनको न्यायोचित वितरण, राज्यशक्ति र न्यायको पहुँचमा वृद्धि, जाति, वर्ग र समुदायको मानव अधिकारको प्रवर्द्धन, हिंसात्मक द्वन्दको अन्त र सुरक्षाको प्रत्याभूति, समन्याय र समावेशीकरणद्वारा राष्ट्रिय एकतालाई सुदृढ राख्दै मुलुकको स्वतन्त्रता, अखण्डता र सार्वभौमिकतालाई राष्ट्रिय मूल्यको रुप स्थापित गर्नुपर्दछ ।

३. प्राकृतिक सम्पदा र आदिवासी जनजातिहरु बीच युगौदेखि स्थापित रहिआएको आध्यात्मिक, ऐतिहासिक र भौतिक सम्बन्धलाई मान्यता प्रदान गर्दै, प्राकृतिक सम्पदा प्रतिको उनीहरुको अपनत्वलाई जागृत गरी मुलुकको प्राकृतिक सम्पदाको संरक्षण गर्नुपर्दछ ।

४. राष्ट्रिय हितलाई ख्यालमा राख्दै छिमेकी मुलुक र अन्य सबै राष्ट्रहरुसंगको मैत्री सम्बन्ध सुदृढ गर्नुपर्दछ ।

५. राष्ट्रिय हितलाई ध्यानमा राख्दै परराष्ट्र नीति निर्माण र अवलम्वन राष्ट्रिय सहमतिका आधारमा गर्नुपर्दछ ।

६. आन्तरिक सुरक्षाको सुदृढीकरणद्वारा बाह्य हस्तक्षेपको संभावनालाई न्यून गर्नुपर्दछ ।

७. हरेक राज्य र स्वशासित क्षेत्रमा सोही क्षेत्रका नागरिकहरुबाट आन्तरिक तथा सामाजिक सुरुक्षाका लागि प्रहरी संगठन निर्माण गर्नुपर्दछ र यसको नियन्त्रण र परिचालन राज्य सरकारले गर्ने व्यवस्था हुनुपर्दछ । ससस्त्र प्रहरी बल एउटा मात्र संगठन केन्द्रमा रहने र राज्यमा खटी आएका ससस्त्र प्रहरीहरुको नियन्त्रण र परिचालन सम्वन्धित राज्य सरकारबाट हुनुपर्दछ ।

८. राष्ट्रिय अनुसन्धान विभागलाई सङ्घीय सरकार र राज्य सरकार दुवैमा छुटटा छुट्टै हुनुपर्दछ । सङ्घीय सरकारमा सङ्घीय गृह मन्त्रालयको मातहतमा र राज्य सरकारमा राज्य गृह मन्त्रालयको मातहतमा रहने व्यवस्था गर्नुपर्दछ ।

९. राज्यसंग सम्वन्धित विषयको सन्धी सम्झौताको हकमा राज्य व्यवस्थापिकाले अनुमोदन गरेपछि मात्र केन्द्रीय सरकारले सन्धी सम्झौता गर्नुपर्दछ ।

१०. नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय सुरक्षामा प्रतिकूल असर पुऱ्याउने सन्धीहरु राज्य वा सरकारले गर्न नपाउने गरी बन्देज लगाउनु पर्दछ ।

११. सामान्य र अल्पकालिन प्रकृतिका विषयमा सन्धी सम्झौता गर्दा व्यवस्थापिकाको सामान्य वहुमत र दिर्घकालिन असर पुऱ्याउने राष्ट्रिय महत्वको सन्धी सम्झौताहरु व्यवस्थापिकाको दुइ तिहाई वहुमतबाट अनुमोदन गरिने व्यवस्था गर्नुपर्दछ ।

राय सुझाव पेश गर्ने :

किरात याक्थुङ चुम्लुङ
केन्द्रिय कार्यालय
ललितपुर
फोन/फ्याक्स : ०१-५५२०३४९
इमेल : chumlung@wlink.com.np

“लिम्बुवान जातीय स्वायत्तता, हाम्रो प्रतिवद्धता”

ᤁᤡᤖᤠᤳ ᤕᤠᤰᤌᤢᤱ ᤆᤢᤶᤗᤢᤱ

## किरात याक्थुङ चुम्लुङद्वारा संविधान सभा सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिमा प्रस्तुत राय सुझाव

**१. सङ्घीय सरकारको भाषिक नीति**

(क) सङ्घीय सरकारको कामकाजी भाषा बहुभाषिक हुनु पर्दछ ।

(ख) सङ्घीय सरकारी कामकाजको भाषा राज्य सरकारमा प्रयोग हुने प्रमुख भाषा पनि एक हुनुपर्दछ । साथै, सङ्घीय सरकारी कामकाजको भाषामा सम्पर्क भाषा र अन्तर्राष्ट्रिय भाषा समेतको व्यवस्था हुनुपर्दछ ।

(ग) राज्य राज्यबीच र स्थानीय र राज्यबीचमा भाषा प्रयोगको आधारमा सम्पर्क भाषा निर्धारण गर्नु पर्दछ ।

(घ) सङ्घीय र राज्य सरकारले लोपोन्मुख भाषाहरुको संरक्षण संबर्धनको लागि विशेष व्यवस्था गर्नुपर्दछ ।

**२. मातृभाषामा शिक्षा**

(क) आधारभूत तहदेखि उच्चशिक्षासम्म मातृभाषामा शिक्षा अनिवार्य हुनुपर्दछ ।

(ख) सम्पर्क भाषा र अन्तराष्ट्रिय भाषालाई विषयगत रुपमा राख्नुपर्दछ ।

**३. सवै संस्कृतिको संरक्षण र विकास**

(क) सवै सांस्कृतिक समुदायको सहभागितामा राष्ट्रिय बहुसांस्कृतिक नीति निर्माण गरी संस्कृतिको संरक्षण र विकास गर्नुपर्दछ ।

राय सुझाव पेश गर्ने :

किरात याक्थुङ चुम्लुङ
केन्द्रिय कार्यालय
ललितपुर
फोन/फ्याक्स : ०१-५५२०३४९
इमेल : chumlung@wlink.com.np

"लिम्बुवान जातीय स्वायत्तता, हाम्रो प्रतिवद्धता"

[illegible]

# किरात याक्थुङ चुम्लुङद्धारा संविधान सभा अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिमा प्रस्तुत राय सुझाव

१. आदिवासी जनजातिहरुको परिभाषा तथा पहिचान छुट्टै भएकोले अल्पसंख्यक तथा सिमान्तकृत समुदायसँग मिसाएर नराखी छुट्टै राखिनुपर्ने ।

२. आत्मनिर्णयको अधिकार प्रयोग गरि आफ्नो विकासको लागि ऐतिहासिक पृष्ठभुमीको आधारमा जातीय स्वायत्तता प्रदान गरि स्वव्यवस्थापनको अवसर प्रदान गर्नुपर्ने ।

३. अल्पसंख्यक तथा सीमान्तकृत भन्नाले श्रोत साधन शक्ति (आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, रोजगारीमा) पहुँच नभएको समुदायलाई बुझ्नु पर्नेछ ।

४. मौलिक पहिचान लोप हुन लागेको समुदायलाई लोपोन्मुख समुदाय बुझ्नु पर्नेछ ।

५. अल्पसंख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदायको अधिकार र विकासका लागि विशेषाधिकारको व्यवस्था गर्ने ।

६. अल्पसंख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदायको अधिकार र विकासका लागि उनीहरुकै सहभागितामा आयोग गठन गर्ने ।

राय सुझाव पेश गर्ने :

किरात याक्थुङ चुम्लुङ
केन्द्रिय कार्यालय
ललितपुर
फोन/फ्याक्स : ०१-५५२०३४९
इमेल : chumlung@wlink.com.np